**31 May 2024**

समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

सबैभन्दा पहिला आजका मुख्य समाचार

- लोकसभा चुनाउको अन्तिम चरणको मतदान भोलि, सम्पूर्ण तयारी पूरा
- गर्मीका कारण बिहारमा 29 जना अनि ओडिसामा 14 जनाको मृत्यु
- मणिपुरमा बाढीको स्थिति गम्भीर, तीन जनाको मृत्यु
- प्रधानमन्त्री र गृहमन्त्रीद्वारा चक्रवात रेमलपछिको प्राकृतिक प्रकोपप्रति चिन्ता प्रकट
- भारतीय बक्सिङ महासंघ विश्व बक्सिङ महासंघको सदस्य बन्न सहमत, अनि
- सिंगापुर ओपन ब्याडमिन्टन टुर्नामेन्टमा ट्रिसा जोली र गायत्री गोपीचन्दको भारतीय महिला जोडी सेमिफाइनलमा

अब समाचार विस्तारमा

लोकसभा चुनाउ अन्तिम चरण
लोकसभा चुनाउको सातौं एवम् अन्तिम चरणको मतदान भोलि हुनेछ। मतदानका लागि सम्पूर्ण तयारी भइसकेको छ। मतदानकर्मीहरू आ-आफ्नो पोलिङ बुथमा पुगिसकेका छन्। चुनाउ आयोगले शान्तिपूर्ण, निष्पक्ष अनि स्वतन्त्र रूपमा चुनाउ गराउन सम्पूर्ण तयारी भइसकेको बताएको छ।

भोलि अन्तिम चरणमा  सात राज्य र एक केन्द्र शासित प्रदेशका कूल ५७ लोकसभा सिटका लागि मतदान हुँदैछ। यस चरणमा उत्तर प्रदेशका १३, पञ्जाबका १३, पश्चिम बंगालका ०९, बिहारका ०८, ओडिशाका ०६, हिमाचल प्रदेशका ०४, झारखण्डका तीन र चण्डीगढको एक सीटका लागि मतदान हुँदैछ।

लोकसभा चुनाउसितै ओडिसामा विधानसभाका शेष 42 विधानसभा क्षेत्रका लागि पनि भोलि नै मतदान हुनेछ।  मतदान भोलि बिहान ७ बजेदेखि सुरु हुनेछ ।

प्रधानमन्त्री एवम् भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदी अनि केन्द्रीय मन्त्री श्री अनुराग ठाकुर, कंग्रेस नेता श्री विक्रमादित्यम सिंह र टीएमसी नेता श्री अभिषेक बनर्जीलगायत प्रमुख नेताहरूको राजनीतिक भाग्य भोलि ईभीएममा बन्द हुनेछ।

निर्वाचन आयोगले यी क्षेत्रमा निर्बाध र पारदर्शी मतदान गर्नका लागि विस्तृत व्यवस्था गरेको छ । मतदान केन्द्रमा शेड, खानेपानी, शौचालय, ह्वील चेयर र बिजुलीको उचित व्यवस्था गरिएको छ । राज्यका प्रमुख निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारी र राज्य़ अधिकारीहरुलाई अत्यधिक गर्मीको अवस्थासँग जुध्न पर्याप्त व्यवस्था गर्न सुझाव दिइएको छ । कुनै पनि घटनालाई सम्बोधन गर्न निर्वाचन क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ ताकि मतदान स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न होस् ।

बिहार –ओडिसा गर्मी
भारतको उत्तर पश्चिमी क्षेत्रमा अझै पनि गर्मीको लहर जारी छ। तापक्रममा एक देखि दुई डिग्री सेल्सियसको कमी आएको भए तापनि गर्मीको प्रकोप जारी छ। पञ्जाब, हरियाणा, राजस्थान, उत्तर प्रदेश, बिहार र छत्तीसगढमा गर्मीको अवस्था उस्तै रहेको छ ।

यसैबीच, बिहारमा चर्को गर्मीका कारण २९ जनाको मृत्यु भएको छ भने दुई सयभन्दा बढी बिरामी परेका छन् । पछिल्लो २४ घण्टामा यी मृत्यु भएका हुन् । सबैभन्दा बढी १२ जनाको मृत्यु औरंगाबाद जिल्लामा भएको छ जहाँ तापक्रम ४८ डिग्री सेल्सियसभन्दा माथि पुगेको छ।

भोजपुर जिल्लामा ६ जनाको मृत्यु भएको छ भने रोहतास र जेहानाबादमा ४/४ जनाको मृत्यु भएको छ । बक्सर, अरवाल र नालन्दा जिल्लामा एक-एक जनाको मृत्यु भएको छ। राज्यका औरंगाबाद, रोहतास, कैमुर, गया, जेहानाबाद, शेखपुरा, पटना, नवादा र वरिपरीका क्षेत्रहरू चरम गर्मीको चपेटमा छन्। प्रचण्ड गर्मीलाई मध्यनजर गर्दै राज्य सरकारले ८ जूनसम्म सबै विद्यालय, आंगनवाडी केन्द्र र कोचिङ इन्स्टिच्युट बन्द गरेको छ ।

अर्कोतिर, ओडिशामा, सुन्दरगढ जिल्लामा चरम गर्मीका कारण 14 जनाको मृत्यु भएको छ। रिपोर्ट अनुसार हिजो दिउँसो राउरकेला सरकारी अस्पतालमा छ घण्टाभित्र १० जनाको मृत्यु भएको थियो।

मौसम पूर्वानुमान महाशाखाले आगामी २४ घण्टामा देशका दक्षिण–पश्चिम र दक्षिण–मध्य भू–भागमा तीव्र गर्मीको सम्भावना रहेको जनाएको छ ।
मौसम विभागले दक्षिण पश्चिम मनसुन केरल र उत्तरपूर्वी भारतमा समयअघि नै पुगिसकेको बताएको छ। विभागले आगामी छ दिन अरुणाचल प्रदेश, असम, मेघालय, नाङ्गाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा र सिक्किममा मध्यम वर्षा र तेज हावा चल्ने अनुमान गरेको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

मणिपुर - बाढी
मणिपुरमा बाढीको स्थिति गम्भीर बनेको छ। बाढीले इम्फाल सहर नराम्ररी प्रभावित भएको छ । बाढीका कारण अहिलेसम्ममा तीन जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता छन् । केन्द्रिय बल र सेना राहत र उद्धार कार्यमा जुटेका छन् भने बाढी प्रभावित परिवार राहत शिविरमा आश्रय लिइरहेका छन् ।
अर्कोतिर, चक्रवात रेमल पछि लगातार परेको पानीका कारण असमका नौ जिल्लामा बाढ़ीको स्थिति गम्भीर बनेको छ। प्रमुख नदीहरूका जल स्तर बढ़िरहेका छन् अनि भूमिको ठूलो भाग पानीले भरिएको छ।

प्रधानमन्त्री-गृहमन्त्री रेमलआपदा
प्रधानमन्त्री श्री नरेन्द्र मोदीले चक्रवात रेमलपछि असम, मणिपुर, मेघालय, मिजोरम, त्रिपुरा र पश्चिम बंगालमा प्राकृतिक प्रकोपप्रति चिन्ता व्यक्त गर्नुभएको छ। प्रधानमन्त्रीले वर्तमान अवस्थाको बारेमा जानकारी लिएको र केन्द्र सरकारले राज्यहरूलाई सबै सम्भव भएजति सहयोग गर्ने आश्वासन दिएको बताउनु भएको छ।

गृहमन्त्री श्री अमित शाहले पनि रेमलपछि आएको प्राकृतिक प्रकोपप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ। श्री शाहले प्रधानमन्त्रीलाई पछिल्लो अवस्थाको बारेमा जानकारी दिनुभएको छ। गृहमन्त्रीले प्रभावित राज्यका मुख्यमन्त्रीहरुसँग पनि कुराकानी गरी हालको अवस्थाका बारेमा जानकारी लिएको र केन्द्रबाट सक्दो सहयोग गर्ने आश्वासन दिएको बताउनु भएको छ ।

आयकर विभाग - चुनाव
आयकर विभागले हालको लोकसभा चुनाउमा लगभग १ एक हजार १ सय करोड रुपियाँका गर गहना जफत् गरेको छ । आधिकारिक स्रोतका अनुसार यो २०१९-तो आम चुनाउमा जफत् भएको ३९० करोड रुपियाँभन्दा १८२ प्रतिशत धेरै रहेको छ।

चेन्नई- प्रधानमन्त्री ध्यान
स्वामी विवेकानन्द स्मारकमा प्रधानमन्त्री एवम् भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीको ४५ घण्टा लामो ध्यानको आज दोस्रो दिन हो। यसअघि श्री मोदीले हिजो कन्याकुमारी पुगेर भगवती अम्मान मन्दिरमा पूजा अर्चना गर्नुभएको थियो। जुन मण्डपमा प्रधानमन्त्रीले ध्यान गरिरहनुभएको छ, यो त्यही मण्डप हो जहाँ स्वामी विवेकानन्दले १८९२ मा ध्यान गर्नुभएको थियो। श्री मोदीले त्यहाँ सूर्य अर्ग अनुष्ठान पनि गर्नुभयो। कन्याकुमारी भारतको सबैभन्दा दक्षिणी भाग हो र यहाँ बंगालको खाडी, अरब सागर अनि हिन्द महासागरको मिलन हुँदछ। श्री मोदीले ३३ वर्षअघि ११ दिसम्बर १९९१ मा यही कन्याकुमारीदेखि कश्मीरसम्मको एकता यात्रा शुरु गर्नुभएको थियो।

जम्मू-कश्मीर-अखनूर दुर्घटना

जम्मू कश्मीरमा प्रशासनले आज क्षेत्रीय यातायात अधिकारी, कठुआमा तैनाथ मोटर वाहन निरीक्षक सहित छ जना अधिकारीलाई निलम्बन गरेको छ। उनीहरूलाई जम्मू कश्मीरको जम्मू यातायात आयुक्तको कार्यालयसित तत्काल प्रभावका साथ आबद्ध गरिएको छ। हिजो जम्मू-कश्मीरमा भएको बस दुर्घटनामा मुख्यतया राजस्थान र उत्तर प्रदेशका २२ तीर्थयात्रीको मृत्यु भएको थियो भने ६९ जना घाइते भएका थिए। दुर्घटना पछि यो कदम चालिएको हो।

विश्व बक्सिङ - **BFI** सदस्य

भारतीय बक्सिङ महासंघ-**BFI** विश्व बक्सिङ महासंघको सदस्य बन्न सहमत भएको छ । सदस्यताको लागि आवेदन **BFI** महासभाले अनुमोदन गरिसकेको छ र अब विश्व बक्सिङ महासंघको कार्यकारी बोर्डले अनुमोदन गर्नेछ।

बक्सिङ-विश्व क्वालिफायर

थाइल्याण्डको बैंककमा भइरहेको विश्व ओलम्पिक बक्सिङ छनोट प्रतियोगितामा भारतकी अंकुसिता बोरोले ६० केजी तौल समूहको क्वार्टरफाइनलमा प्रवेश गरेकी छन् । ७१ केजी तौल समूहमा निशान्त देवले पनि क्वाटरफाइनलमा प्रवेश गरेका छन् । यसअघि अरुन्धती चौधरीले ६६ केजी तौल समूह जितेर प्रि क्वाटरफाइनलमा पुगेकी थिइन् ।

सिंगापुर- ओपन ब्याडमिन्टन

सिंगापुर ओपन ब्याडमिन्टन टुर्नामेन्टमा ट्रिसा जोली र गायत्री गोपीचन्दको भारतीय जोडीले महिला डबल्सको सेमिफाइनलमा प्रवेश गरेको छ। सेमिफाइनलमा भोलि भारतीय जोडीको भिडन्त जापानी जोडी एन० मात्सुयामा र सी० शिदासित हुनेछ।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- लोकसभा चुनाउको अन्तिम चरणको मतदान भोलि, सम्पूर्ण तयारी पूरा
- गर्मीका कारण बिहारमा 29 जना अनि ओडिसामा 14 जनाको मृत्यु
- मणिपुरमा बाढीको स्थिति गम्भीर, तीन जनाको मृत्यु
- प्रधानमन्त्री र गृहमन्त्रीद्वारा चक्रवात रेमलपछिको प्राकृतिक प्रकोपप्रति चिन्ता प्रकट
- भारतीय बक्सिङ महासंघ विश्व बक्सिङ महासंघको सदस्य बन्न सहमत, अनि
- सिंगापुर ओपन ब्याडमिन्टन टुर्नामेन्टमा ट्रिसा जोली र गायत्री गोपीचन्दको भारतीय महिला जोडी सेमिफाइनलमा

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो